# प्रेस विज्ञप्ति

धनगढी उप-महानगरपालिकाको
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

आज मिति २०७६।०७।२७ गते धनगढी उप-महानगरपालिकाको ३७औं कार्यपालिका बैठक सौहार्दपूर्ण तरीकाले सम्पन्न भएको छ । धनगढी उप-महानगरपालिकाले यस पूर्व कार्यपालिका बैठकबाट अख्तियारी प्रदान गरेको नगरपालिकाको लागि आवश्यक बिशेषज्ञ सेवाहरु (नेपाल इन्जिनियरिङ्ग सेवा, नेपाल विविध सेवा, कानून परामर्श ) सार्वजनिक वोलपत्र आव्हान गरि लिखित परीक्षा समेतवाट छनौट गरी निर्णयार्थ कार्यपालिका बैठकमा पेश गर्ने अख्तियारी अनुसार परीक्षा संचालन तथा छनौट समितिको निर्णयानुसार कार्यपालिकामा छनौट भएका बिशेषज्ञ सेवाहरुका छनौट भएका उम्मेदवारहरुको नामावली निर्णयार्थ पेश गरिएको थियो ।

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ८३ को उपदफा ७ को कानूनी व्यवस्था बमोजिम नगरपालिकालाई आवश्यक बिशेषज्ञ सेवाहरु 'सेवा करार' मा लिन सकिने कानूनी आधारमा नगरपालिकाले निर्णय मार्फत बिशेषज्ञ सेवाका पदहरुमा उपयुक्त उम्मेदवार छनौट गर्न विधिपूर्वक बोलपत्र सूचना प्रकाशित गरि वोलपत्र सूचनाको आधारमा उम्मेदवारहरुको लिखित र आवश्यकता अनुसार प्रयोगात्मक जाँच र अन्तर्वार्ता मार्फत छनौट भै सिफारिस भएका उम्मेदवारलाई सेवा खरिद गर्न प्रमुख प्रशासकीय अधिकृतलाई खरिद गर्न अख्तियारी प्रदान गर्ने निर्णय गरिएको छ । छनौट भएका विभिन्न विशेषज्ञ सेवाहरुका उम्मेदवारहरुको नामावली न.पा.को वेवसाइटमा छिट्टै प्रकाशित गरिने छ । साथै, नगरपालिका बैठकले नगरपालिका अन्तर्गतका वडा कार्यालय लगायत नगरपालिका अन्तर्गतका कार्यालय प्रयोजनका घरभाडाहरुको म्याद थप समेत सर्वसम्मतिले निर्णय गरेको छ ।

giz को साझेदारीमा भादा गाउँमा पर्यटन प्रवर्द्धन गर्ने गरी तयार भएको प्रस्तावलाई स्वीकृत गर्ने निर्णय गरिएको छ । साथै, नगरपालिकाको संयोजनमा CTEVT को प्राविधिक र व्यवस्थापकिय सहजीकरणमा संचालन हुने कार्यक्रमलाई समेत कार्यपालिका बैठकले स्वीकृती दिने निर्णय गरेको छ ।

कार्यपालिकाले गरेका सम्पूर्ण निर्णयहरु नगरपालिकाको वेवसाइटमा छिट्टै प्रकाशित गरिने व्यहोरा समेत यस सार्वजनिक सुचना मार्फत प्रकाशित गरिएको छ ।

२०७६/७/२७

सन्तोष मुडभरी
प्रवक्ता
नगर कार्यपालिका बैठक
धनगढी उप-महानगरपालिकाको
कार्यालय, धनगढी, कैलाली

धनगढी उप-महानगरपालिकाको
नगर कार्यपालिकाको कार्यालय
धनगढी, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

इति सम्वत २०७६ साल कार्तिक २७ गते रोज ४ शुभम्